# नेपालको संघीय संरचना र आधुनिक अन्तर्राष्ट्रिय सम्बन्ध

*– विनय कसजू*

आधुनिक सूचना तथा संचार प्रविधिको विकाससँगै विश्वीकरण (ग्लोबलाइजेसन) को गति र प्रभाव पनि बढिरहको छ । विश्वीकरणको आर्थिक तथा राजनीतिक प्रभाव विस्तारसँगसँगै राष्ट्र-राज्यहरूको सार्वभौमिक शक्ति कमजोर हुँदै गएको छ । अन्तर्राष्ट्रिय र क्षेत्रीय शक्तिहरूको गतिविधि र प्रभाव बढिरहेको छ । नेपालको पुनःसंरचना र संघीय स्वरूप निर्धारण गर्दा यो विश्व परिदृश्य र प्रवृत्तिलाई बेवास्ता गर्न मिल्दैन ।

राज्यभित्रका कानुनको आधार व्यक्ति, परिवार र संस्था भएजस्तै अन्तर्राष्ट्रिय कानुनको आधार राष्ट्र-राज्य (Nation State) हो । अर्थात् राज्यको कानुनले व्यक्ति, परिवार वा संस्थालाई चिन्छ र कानुनको पालना गर्नुपर्ने दायित्व व्यक्ति, परिवार वा संस्थाको हुन्छ भने अन्तर्राष्ट्रिय कानुनले राष्ट्र-राज्यलाई चिन्छ । अन्तर्राष्ट्रिय कानुन, सन्धी, सम्झौता पालना गर्ने दायित्व राष्ट्र-राज्यको हुन्छ । विद्रोही पक्षले मान्यता पाएको अवस्थामा बाहेक अन्तर्राष्ट्रिय निकायले राष्ट्र-राज्यमार्फत् नै राज्यभित्रका निकायहरूसँग काम गर्छ । सारमा, अहिले अन्तर्राष्ट्रिय सम्बन्धको आधार राष्ट्र-राज्य हो ।

आधुनिक मानव समुदायको अस्तित्व र सार्वभौमिकता तथा लोकतन्त्रको अभ्यास गर्ने आधार र माध्यम पनि अहिलेको राष्ट्र-राज्य नै हो । तर बीसौं शताब्दीको अन्त्यमा आएर क्षेत्रीयता र विश्वीकरणको अवधारणाले राष्ट्र-राज्यको शक्तिलाई हाँक दिएको छ । फ्रान्सको पेरिसस्थित पोलिटिकल स्टडिज इन्स्टिच्युटका प्रोफेसर बट्रान्ड बाडे (Bertrand Badie) ले राष्ट्र-राज्यको घटिरहको सार्वभौमिक शक्तिको विषयमा विश्लेषण गरेका छन् । पत्रकार पाउलिन साइन र स्टेफान लाउहरले प्रो वाडेसँग लिएको अन्तर्वार्ता सन् २००० जनवरीमा लाबेल फ्रान्समा प्रकाशित भएको थियो । यो लेखको आधार त्यही अन्तर्वार्ता हो ।

प्रो. वाडेका अनुसार अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मान्यता पाएका अहिलेका राष्ट्र-राज्यहरू पश्चिम युरोपमा तेह्रौंदेखि उन्निसौं शताब्दीको बीचमा विकसित भएका हुन् । फ्रान्स, स्पेन र बेलायत अस्तित्वमा आएपछि पनि त्यहाँ विभिन्न खालका राजनीतिक व्यवस्था थिए । नगर-राज्य, पोपको धार्मिक राज्य र साम्राज्य समेत अस्तित्वमा थिए । उत्तर अमेरिकामा संयुक्त राज्य अमेरिका र ल्याटिन अमेरिकामा विभिन्न देशहरूको उदय भएपछि राष्ट्र-राज्यले महत्व पाउन थाल्यो । विस्तारै स्वतन्त्र राष्ट्र-राज्यहरू अस्तित्वमा आए । त्यसपछि उपनिवेशवादको जन्म भयो । उपनिवेश युगको समाप्तिले पनि स्वतन्त्र राष्ट्र-राज्यलाई बल पुर्‍यायो ।

अहिले राष्ट्र-राज्यका अधिकारहरूलाई मिच्दै क्षेत्रीयता (regionalization) र विश्वीकरण हावी हुँदैछ । वास्तवमा विश्वीकरण आर्थिक सिद्धान्त मात्रै होइन । यसको जरामा प्रविधिको क्रान्तिले भूमिका खेलेको छ । आधुनिक संचारले भौगोलिक दूरी हटाएको छ । सूचना तथा संचार प्रविधिले कुनै पनि मानिसलाई संसारको कुनै पनि भागबाट अरू कुनै मानिससँग संचार गर्न र आफ्नो विचार एकै चोटी विश्वव्यापी रूपमा प्रसार गर्ने अवसर र क्षमता दिएको छ ।

अहिले एउटै राज्यका नागरिकहरूबीच मात्रै होइन विभिन्न राज्यका नागरिकहरूबीच अन्तर्राज्यीय संचार, संवाद र सम्बन्ध बढिरहेको छ । राज्यका सीमाहरू र ऐनकानुनहरू अर्थहीन हुन थालेका छन् । यसैले संचारको शक्ति र नागरिकहरूबीच अन्तर्राज्यीय सम्बन्धको विस्फोटलाई ध्यानमा राखेर राष्ट्र-राज्यका भूमिकाहरूको पुनर्संरचना गर्न जरुरी छ ।

भौतिक सीमा र दूरी राष्ट्र-राज्यहरूको निर्माण, अस्तित्व र औचित्यको महत्वपूर्ण आधार थियो । सैयौँ वर्षसम्म सरकारहरूको मुख्य काम भौगोलिक सीमा रक्षा गर्नु र टाढाटाढा फैलिएर बसेका नागरिकलाई सेवा सुविधा पुर्‍याउनु थियो । सीमाको सुरक्षा र नागरिकलाई उपलब्ध गराइने सेवा सुविधा तथा राज्यले नागरिकबाट पाउने कर, समर्थन र शक्तिका आधार यही भौगोलिक सीमा हुन्थ्यो । आधुनिक प्रविधिले गर्दा भौतिक सीमा र दूरी हटेपछि र संचारले राज्यका सीमाहरू मिचेपछि राष्ट्र-राज्यका राजनीतिक व्यवस्था मात्रै होइन सार्वभौमिक सत्ता र शक्तिमाथि संकट/ह्रास आउन थालेको हो ।

विश्वीकरणलाई सुरुमा आर्थिक क्षेत्रका निकायहरूले उपयोग गरेता पनि अहिले सबै क्षेत्रले उपयोग गरिरहेका छन् । आमनागरिकले पनि राष्ट्र-राज्यका सीमा र कानुनी नियन्त्रणहरूलाई मिचेर क्षेत्रीय सीमाभित्र वा राज्यहरूको संगठनभित्र कारोवार, व्यवसाय गर्न सक्छन् । बजार र आर्थिक क्षेत्रका साथै अन्तर्राज्यीय सहकार्यका विभिन्न तरिका र रूपहरू देखिँदै छन् । चित्र, चलचित्र, ध्वनिका विविध रूप र प्रकारका सामग्री सजिलैसँग आदानप्रदान गर्न सकिने सूचना र संचारको विकाससँगै जनताको सूचना र ज्ञानको बढदो आवश्यकताले गर्दा नागरिहकहरूको चासो र हित आफ्नो देशभित्र सीमित नभएर छिमेकी वा टाढाका राज्यका घरेलु मामिलामा पनि सोझै सम्बन्धित/संलग्न हुन थालेको छ । विश्वीकरणले गर्दा एकै पटकमा ठूलो संख्यामा मानिसहरूलाई अन्तर्राष्ट्रिय दृश्यावलीमा देखा पर्न, अन्तर्राष्ट्रिय मामिलामा हस्तक्षेप गर्न र संलग्न हुन र अन्तर्राष्ट्रिय मामिलामा हस्तक्षेप गर्नका लागि कुनै पनि राज्यलाई दवाव दिन सम्भव बनाएको छ । अब जोसुकैले आफ्नो एजेन्डा विश्वमन्चमा उठाउन तथा अन्तर्राष्ट्रिय रूपमा जनमत तयार गर्न सक्छ । अहिले खास गरी गैरसरकारी संस्थाहरूमा त्यो क्षमता र शक्ति बढेको छ । यसरी अन्तर्राष्ट्रिय विषयको जिम्मेवारी संभाल्न तत्पर विशाल अन्तर्राष्ट्रिय सार्वजनिक मंचहरू तयार हुँदैछन् । अन्तर्राज्य प्रणालीको विकाससँगसँगै, र राज्यको नियन्त्रण बाहिर यो काम भइरहको छ ।

अब राज्यहरूको भविष्य के हुन्छ ? अथवा राज्यहरूको विद्यमान सार्वभौम सत्तालाई खलल पार्न नदिने कुनै ढाँचा छ ? प्रो वाडेको विचारमा यो प्रश्नको जवाफ त्यति सजिलो छैन । किनकि प्राविधिक विकाससँगै राज्यहरूले काम गर्ने, आफूलाई सुधार्ने र संचारलाई बलियो बनाउने उपायहरू पनि अपनाउन थालेका छन् । यसैले राज्यको समाप्तिको कुरा गर्नुभन्दा राज्यमा व्यापक परिवर्तनको कुरा गर्नु बेस हुन्छ । राज्यले अरू गैरराज्यीय अन्तर्राष्ट्रिय पक्षहरूसँग मिलेर काम गर्नु पर्ने हुन्छ । यसो गर्दा राज्यले आफ्नो एउटा मुख्य चरित्र अर्थात् सार्वभौम सत्ता घटाउँदै/गुमाउँदै जान्छ ।

राज्य र गैरराज्यीय अन्तर्राष्ट्रिय/क्षेत्रीय शक्ति – यी दुई शक्तिहरूबीचको सम्बन्ध नै आधुनिक अन्तर्राष्ट्रिय सम्बन्धको मुख्य हाँक हो । राज्यको हातमा धेरै सम्पदा, स्रोत साधन छ । त्योसँग अधिकार पनि छ । यसैले त्योसँग सम्झौता गरेर साझेदारी गर्न सजिलो पनि हुन्छ । पछि गएर कसैले बहुराष्ट्रिय कम्पनीसँग पनि सम्झौता गर्न सक्छ, किनकि राज्यको सबैभन्दा नजिकको शक्ति भनेको त्यही हो । तर कुनै राज्यको स्रोत साधनको उपयोगलाई लिएर कसैले व्यक्तिगत लगानीकर्ताहरू, एउटा देशबाट अर्कोदेशमा बसाइसर्ने मानिसहरूसँग वा राज्यले मान्यता नदिएका निकायसँग सम्झौता गर्न सक्तैन ।

आधुनिक सूचना प्रविधिले गर्दा जुन अन्तर्राज्यीय र अन्तर्राष्ट्रिय संचार संजाल बनिरहेको छ र सूचनाको आदान प्रदान भइरहको छ त्यो कुरा कतिपय राज्यलाई मन परेको छैन । ती राज्यले यसमा रोक लगाउन खोज्छन् । यस विषयमा विभिन्न पक्षहरूबीच संघर्ष भइरहेको छ । यो संघर्षमा गैरराज्यपक्षले मानवअधिकार, नागरिकअधिकार जस्ता मानवीय पक्षको वकालत गर्ने भएको हुँदा त्यसको तर्क बढी बलियोसँग सुनिन्छ । फलस्वरूप राष्ट्र-राज्यको आन्तरिक नीतिमा पनि यो पक्षको हस्तक्षेप बढिरहेको छ । राज्यहरू गृहयुद्ध र आन्तरिक द्वन्द्व, विद्रोह र दमनमा, पछिहट्नु परेको छ र

आदिवासी जनजातिहरूको पक्षमा काम गर्न वाध्य हुनु परेको छ । यसमा अन्तर्राष्ट्रिय जनमत र दवावको पनि भूमिका छ । यसमा अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्र-राज्यको सार्वभौम शक्तिलाई चनुनौति दिने संभवतः पहिलो प्रयास /संस्था थियो । यस्ता कामहरूले राज्यको सार्वभौम शक्तिको सीमा कति खुम्चिन्छ भन्ने कुराको अहिले अनुमान गर्न सकिन्न ।

राज्यको नागरिकता अर्को महत्वपूर्ण विषय हो । प्रो. वाडेका अनुसार नागरिकताको अवधारणा १९ औं शताब्दीमा लोकतन्त्र र चुनावको लागि आएको हो । तर उहिलेका नागरिकले मताधिकार प्रयोग गरेर जनप्रतिनिधिमार्फत पहिले जति धेरै विषयको निर्णय गर्न सक्थे अहिले सक्तैनन् । किन भने अहिले कतिपय कुरा उनीहरूले चुनेका नेता वा सरकारको निर्णय क्षेत्रभन्दा बाहिर परेका छन् । अहिले राज्यभन्दा बाहिरको शक्तिले कतिपय कुरा निर्णय गर्छन् । जस्तै युरोपीय देशका कतिपय कुरा देशका नागरिकले होइन युरोपियन युनियनले गर्छ । विश्वस्तरमा यस्ता निर्णायकहरू अरू पनि छन् । जस्तै विश्व व्यापार संघ, विश्व बैंक इत्यादि ।

यसरी क्षेत्रीय एकीकरण वा अन्तर्राष्ट्रिय एकीकरण गराउने शक्तिहरू बलियो हुँदैछन् । यसैले प्रो. वाडेको विचारमा युरोपियन नागरिकताजस्तै अब नयाँ खालको नागरिकताको अवधारणा ल्याउनु जरुरी छ । अमेरिकाको राष्ट्रपतिको नीतिले विश्वका अरू देशका नीतिमा पनि प्रभाव पार्ने हुनाले अमेरिकी राष्ट्रपतिको चुनावमा विश्वकै नगरिकले भोट दिन पाउनुपर्छ भन्ने आवाज अघिल्लो चुनावमा उठिसकेको थियो । यस पालि आबामाले भनेका छन्, “संसार बदल्नका लागि अमेरिकालाई बदल्नु पर्छ । अमेरिकालाई बदल्नका लागि मलाई जिताउनुस् ।” संसार बदल्नको लागि ओबामालाई जिताउने हो भने यो अमेरिकी मतदाताको मात्र सरोकारको विषय हुन सक्तैन ।

यस हिसाबले अब नागरिकता वा मतदाताको आधार राष्ट्र-राज्यका सीमाभन्दा माथि उठेर मानिसको हित र निकटताको आधारमा हुनुपर्छ । अर्थात् नागरिकताको आधार फेरिनु वा नयाँ हुनपर्छ । नेपालमै पनि आप्रवासी नेपालीको लागि द्वैधनागरिकताले सहमति पाइसकेको छ । प्रो. वाडेका अनुसार नागरिकताका विभिन्न तह हुनसक्छन् : स्थानीय नागरिकता, राष्ट्रिय नागरिकता, क्षेत्रीय नागरिकता र अन्तर्राज्यीय नागरिकता । यी विभिन्न तहका नागरिकतालाई व्यवस्थित गर्नु हाँक हुनेछ । अब उप्रान्त यो विविध स्तरको नागरिकता विश्वसनीय र लोकतान्त्रिक पनि हुनुपर्छ । नत्र क्षेत्रीय र विश्व नागरिकता केवल प्राविधिकतन्त्र हुनेछ । नागरिकको राज्यस्तरको नागरिकता मात्रै बास्तविक हुनेछ । तर अरू तहमा नागरिकको मत व्यक्त गर्ने अधिकार भ्रम मात्रै हुनेछ । यी विभिन्न तहका नागरिकहरूलाई संगठित गर्नु पनि ठूलो हाँक हुनेछ ।

राष्ट्र-राज्य संस्कृतिमा गहिरोसँग भिजिनसकेका र विश्वीकरणको पूरा प्रभावमा नपरेका मुलुकका लागि बहुनागरिकता, राज्यको सार्वभौमिकता आदि विषयहरू अपाच्य हुनुसक्छन् तर ढिलोचाँडो यी विषयबाट कुनै पनि मुलक अलग बस्न सक्तैन । अहिले नेपालमा संघीयताको आधारको जुन अवधारणा चर्चामा आइरहेको छ त्यो विश्वीकरण, नयाँ प्रविधि र बजारअर्थतन्त्रको अनुकूल देखिँदैन । नेपालको राज्य पुनःसंरचना र संघीयताको कुरा गर्दा यी कुराहरू मनन गर्नु आवश्यक छ ।

*नयाँ पत्रिका दैनिक, २०६५ कार्तिक ७, बिहीबार “संघीय संरचनामा अन्तर्राष्ट्रिय सम्बन्ध” शीर्षक राखेर प्रकाशित ।*